# शिवपुरी गाउँपालिका
## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः २२ | मितिः२०८०/१०/०३ |
|---|---|---|

## भाग – २

**शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# सुरक्षित आप्रवासन सम्बन्धी कार्यवधि, २०८०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को अनुसूची ८ को खण्ड ५, ६, ७ र १७ मा भएको व्यवस्था वमोजिम स्थानीय तहको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्र वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न, विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले शिवपुरी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० माघ ३ गते को निर्णयले यो **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०"** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

<u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई शिवपुरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा तथा व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आप्रवासी स्रोत केन्द्र" भन्नाले वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(ख) "शाखा" भन्नाले यस स्थानीय तहको संगठनात्मक संरचना अन्तरगत रहने श्रम तथा रोजगार शाखालाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्छ।

(ङ) "बोर्डको सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्छ ।

(च) “मन्त्रालय” भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) “मोड्युल” भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि गाउँपालिकाले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्छ ।

(ज) “स्थानीय तह” भन्नाले यस शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ) “विभाग” भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्छ ।

(ञ) “सम्बन्धित निकाय” भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

(ट) “सेवा प्रदायक/विशेषज्ञ” भन्नाले यस स्थानीय तह द्वारा सार्वजानिक खरिद प्रक्रिया मार्फत परामर्श सेवा खरिद गरी सीप तालिम, कानुनी सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श वा उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि परिचालन गरेको व्यक्ति/संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्य निम्नानुसार छन ।

(क) यस स्थानीय तहबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पु-याउने ।

(ख) वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिलाई लक्षित कार्यक्रम तर्जुमा गर्ने र सो कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

(ग) वैदेशिक रोजगार सँग सम्वन्धित कार्यक्रमहरु अन्य स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

(घ) वैदेशिक रोजगारमा जाने/गएका व्यक्ति र तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिलाई लक्षित गरी यस स्थानीय तहले अन्य स्थानीय तहसंगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी श्रोत केन्द्र स्थापना तथा संचालन गरी आवश्यक सूचना तथा परामर्श लगायतका सेवाहरु प्रवाह गर्ने । वा यस स्थानीय तहले आफ्नो पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्रबाट आफ्नो पालिका क्षेत्र भित्रका लक्षित सेवाग्राहीलाई सो सम्बन्धी सेवाहरु प्रवाह गर्ने ।

(ङ) मन्त्रालय/विभाग/वोर्ड र सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र

(च) वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधिहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने ।

## परिच्छेद-३

## योजना तर्जुमा, तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु

### ४. सुरक्षित आप्रवासन सम्बन्धी तथ्यांक संकलन, योजना तर्जुमा तथा कार्यान्वयनः

### ४.१ वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनः

(क) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्ने छ । उक्त कार्यको लागि गाउँपालिकाले गणक नियुक्त गरेर वा स्थानीय तहमा कार्यरत रहेका रिटर्नी स्वयंसेवक परिचालन गरिनेछ ।

(ख) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको परिचालन गरी तथ्यांक संकलन एवम् सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गरिनेछ । स्वयंसेवक परिचालन तथा व्यवस्थापन गाउँपालिकाको श्रम तथा रोजगार शाखाले गर्नेछ।

(ग) स्थानीय तहले तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारमा रहेको संख्या, सीप तालिम लिनेको संख्या तथा सूचनामा आप्रवासी कामदारको पहुँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरूले सामना गर्नु परेको समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिनेछ ।

(घ) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पुँजी र उनीहरुद्वारा सञ्चालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिनेछ ।

(ङ) स्थानीय तहले संकलन गरेको तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिनेछ ।

### ४.२ सुरक्षित आप्रवासन सम्बन्धी सुचना, परामर्श तथा सेवा केन्द्र सञ्चालनः

### (क) आप्रवासी स्रोत केन्द्र /रोजगार सूचना केन्द्र संचालन तथा व्यवस्थापनः

अ) शिवपुरी गाउँपालिकाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी श्रोत केन्द्र/रोजगार सूचना केन्द्र स्थापना गरि सञ्चालन गरिनेछ ।

आ) स्थानीय तह आफैले वा जिल्ला भित्रका अन्य स्थानीय तहहरुसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयको हाता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिनेछ । वा यस स्थानीय तहले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्रबाट आफ्नो स्थानीय तह क्षेत्र भित्रका लक्षित सेवा ग्राहीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्वन्धि सेवाहरु प्रवाह गर्ने छ । यसरी सञ्चालन गरिने केन्द्रले राष्ट्रिय आप्रवासी स्रोत केन्द्र सँग समन्वय गरी सेवा प्रदान गर्नु गर्ने छ ।

इ) आप्रवासी श्रोत केन्द्र/रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारको सिलसिलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ ।

**(ख) रिटर्नी परिचालनः**

(अ) स्थानीय तहले सुरक्षित आप्रवासन सम्बन्धी सूचना प्रवाह गर्नका लागि वैदेशिक रोजगारमागई फर्कीएका रिटर्नीहरू परिचालन गरिनेछ । सो को लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालिन कर्मचारीका रुपमा रिटर्नीहरु परिचालन गरिनेछ ।

(आ) रिटर्नीहरुको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ ।

१. स्थानीय तह क्षेत्र भित्रका गाउँ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगारका लागि आवश्यक आधारभूत सूचना सम्प्रेषण गर्ने ।
२. वैदेशिक रोजगार सम्बन्धी ठगि, उद्दार लगायतका समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सेवाको लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउने।
३. स्थानीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्ने ।
४. सम्वन्धित स्थानीय तहको वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन गर्ने तथा सो को अभिलेख व्यवस्थापन गर्न सहयोग पुर्याउने ।
५. स्थानीय तहको बार्षिक योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक सहयोग गर्ने।

**(ग) समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमः**

अ) स्थानीय तहले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा सुचना दिनको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

आ) समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले मोड्युल तयार गरी लागु गर्न सक्नेछ ।

इ) स्थानीय तहले समुदायस्तरमा अभिमुखीकरणको अलावा स्थानीय तह तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा प्रचार प्रसार गरिनेछ।

**४.३. सीप तालिम सञ्चालन तथा सहजिकरणः**

(क) वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरुको लागि वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय,प्रदेश सरकार तथा नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरीनेछ।

(ख) सीप विकास तालिम संचालन गर्दा गन्तव्य मुलुकको आवश्यक्ता तथा मापदण्ड अनुरुप तयार भएका पाठ्यक्रम को प्रयोग गरीने छ । तथा आबश्यकता अनुसार स्थानीय तह स्वयंले नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT), वैदेशिक रोजगार बोर्डको सचिवालय र तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा पाठ्यक्रम निर्माण गरी तालीम कार्यक्रम संचालन गर्न सकिने छ।

**४.४. न्यायमा सहजिकरणः**

(क) वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्र/रोजगार सूचना केन्द्र मार्फत सहजिकरण गरिनेछ ।

(ख) त्यस्ता समस्याहरुमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुताबास र यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरुसँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइनेछ।

(ग) वैदेशिक रोजगारसँग सम्बन्धित ठगीका समस्याहरु न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएकोले न्यायिक समितिले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने छ ।

**४.५. वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमः**

(क) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रीय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै

वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ । साथै वित्तीय साक्षरता सम्बन्धी सचेता तथा ज्ञानलाई विस्तार गर्न वैदेशिक रोजगारसँग सम्बन्धित परिवार बाहेकका परिवारका सदस्यहरुलाई पनि लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि वैदेशिक रोजगार बोर्ड, वित्तीय संस्थाहरु तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

(ग) वित्तीय साक्षरता कक्षा पश्चात सहभागीले कक्षामा बचत बृद्दि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन्।

(च) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सकिनेछ ।

(छ) वित्तीय साक्षरता कार्यक्रम कार्यन्वयन गर्नको लागि वित्तीय साक्षरता सहकर्ताको संलग्नता सँगै सहकारी शाखा/इकाईको जनशक्तिको क्षमता विकास गरी अनुसूची ३ अनुसारको मोड्युल तथा पाठ्यक्रम तयार एवम् स्वीकृत गरी लागू गरिनेछ ।

**४.६. सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः**

(क) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरको सम्भाव्यता र सरोकारवाला व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

(ख) स्थानीय तहमा युवा लक्षित कार्यक्रम संचालनका लागि उद्यम विकास कोष स्थापना गरिनेछ। कोषको सञ्चालन कार्यपालिकाद्धारा स्वीकृत भएको कार्यविधि वमोजिम हुनेछ।

(ग) कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइनेछ । जसका लागि आवश्यक मापदण्ड तयार गरिनेछ ।

(घ) विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिनेछ ।

(ङ) उक्त विदेशबाट फर्किएर आएका जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा सञ्चालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिनेछ ।

(च) वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम संचालन गरिनेछ । उक्त सीप परीक्षणका कार्यक्रम

संचालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ ।

**४.७ मनोसामाजिक परामर्श सेवाः**

(क) वैदेशिक रोजगारमा गएका व्यक्ति र निजका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । त्यस्ता कार्यक्रमले घरेलु हिंसा, प्रकोप तथा महामारी लगायतका कारणले उत्पन्न मनोसामाजिक समस्या सम्बोधन गरिने छ ।

(ख) शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्नेछ ।

(ग) प्रभावकारी मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ संस्था/निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(घ) उक्त सेवालाई स्थानीय तहले क्रमस आफ्नो स्वास्थ्य शाखा/इकाईमा आन्तरिकिकरण गर्दै लगिनेछ । सो सेवा संचालनका लागि राष्ट्रिय मानसिक स्वास्थ्य तालिम केन्द्रले तयार गरेको मोडयुललाई कार्यान्वयन गरिनेछ ।

(ङ) मनोसामाजिक परामर्शका लागि स्थानीय तह भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ।

(च) गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापनागरी तथा सञ्चालन गर्न सकिनेछ।

(छ) वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ ।

**४.९. छात्रावृत्ति कार्यक्रमः**

(ज) स्थानीय तह क्षेत्रभित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भई अविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिनेछ ।

(क) बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिनेछ ।

(ख) छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत प्रदान गर्ने छात्रवृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिनेछ ।

(ग) छात्रावृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ । जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक ८ हजार र माध्यमिक तहका बालबालिकालाई बार्षिक १२ हजारका दरले छात्रावृत्ति प्रदान गरिनेछ।

(घ) छात्रवृत्ति प्रदान गर्दा सरकारी, सामुदायिक तथा संस्थागत विधालयमा अध्ययनरत १८ बर्ष सम्मका विधार्थीहरुलाई प्रदान गरिनेछ ।

(ङ) छात्रवृतिका लागि आवेदन दिदा स्थानीय तह भित्रको विद्यालयमा अध्ययनरत भएको र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग, बेपत्ता भएको प्रमाण सहित गाउँपालिकामा गरेको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(च) प्राप्त निवेदनहरुलाई गाउँपालिकाले आश्यक छानविन गरी छात्रावृत्ति प्रदान गर्नेछ । निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना स्थानीय तहले तयार गरि कार्यान्वयनमा ल्याउनेछ ।

## परिच्छेद ४

## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

### ५. सम्बन्धित विषयगत शाखा निर्धारणः

संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत शाखा स्थापना गरेर आन्तरिक श्रम, रोजगार, स्वरोजगारी तथा वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिने छ । उक्त शाखाले अन्य शाखा/उप-शाखाहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ । उक्त शाखाको संयोजन तथा शाखा प्रमुखको जिम्मेवारी कार्यपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीले गर्नेछ।

### ६. सुरक्षित आप्रवासन व्यवस्थापन निर्देशक समितिः

क. वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यन्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वय लगायतका कार्यमा दिशानिर्देश गर्न देहाय बमोजिमको सुरक्षित आप्रवासन निर्देशक समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| अध्यक्षः | - अध्यक्ष |
| उपाध्यक्ष | - उप-अध्यक्ष |
| सदस्यहरुः | - प्रमुख प्रशासकीय अधिकृत, |
| | - सामाजिक विकास शाखा प्रमुख, |
| | - आर्थिक विकास शाखा प्रमुख, |
| | - स्वास्थ्य शाखा प्रमुख, |
| | - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, |
| सदस्य सचिव | - श्रम तथा रोजगार शाखा प्रमुख वा रोजगार संयोजक |
| आमन्त्रित सदस्य | - उद्यमशिलता विकास अधिकृत (मेडपा), |

- जिल्ला/स्थानीय तह स्थित बैंकका प्रतिनिधि,
- वैदेशिक रोजगारीको क्षेत्रमा कामगर्ने संस्थाका प्रतिनिधि,

सुरक्षित आप्रवासन समन्धी निर्देशक समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**७. आप्रवासन सुरक्षित आप्रवासन व्यबस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशानिर्देश गर्ने,

(ख) अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका मन्त्रालय, विभाग र वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) आप्रवासी स्रोत केन्द्र/रोजगार सेवा केन्द्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यक सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै उक्त स्रोत केन्द्र प्रभावकारी सन्चालनका लागि आवश्यक दिशानिर्देश गर्ने वा स्थानीय तहको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको रोजगार सेवा केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धिको सेवा प्रवाहको लागि आवश्यक कार्य गर्ने,

(घ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,

(ङ) रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्न, सीपयुक्त र ठगि मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,

(च) निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी स्रोत केन्द्र लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने । साथै उपमेयर/उपाध्यक्षको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,

(छ) अन्य विषयगत शाखा/समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(ज) आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(झ) सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

(ञ) वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिसानिर्देश गर्ने ।

## परिच्छेद-५
## श्रोत तथा जनशक्ति व्यस्थापन

**८. श्रोत व्यवस्थापनः**

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड र स्थानीय तहको अन्तरिक श्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ । यसको साथै अन्य स्थानीय तहहरु, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

**९. आवश्यक जनशक्ति व्यवस्थापनः** संगठन तथा व्यवस्थापन सर्वेक्षणले निर्धारण गरे अनुसार हुनेछ।

## परिच्छेद -६
## विविध

**१०. समन्वय तथा सहकार्य :**

वैदेशिक रोजगारीको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय तहहरु, प्रदेश सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय तथा दातृ निकाय र विकास साझेदारहरुको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै स्थानीय तहले सञ्चालन गरेका सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरु, आप्रवासनको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरु तथा अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईनेछ ।

**११. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः**

शिवपुरी गाउँपालिकाको कार्यपालिका बैठक आवश्यकता का आधारमा यो कार्यविधि संशोधन तथा खारेज गर्न सकिनेछ । यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा गाउँपालिका प्रमुखकले तत्काल स्थानीय तह स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**